# प्रदेश सभा
# सार्वजनिक लेखा समिति
# बागमती प्रदेश
# हेटौडा, मकवानपुर, नेपाल

## बैठक-५३

मितिः २०७८/०१/२६ गते बिहान ८:०० बजे

निर्णयहरु:

१. खरिद अध्ययन तथा अनुगमन उपसमितिले महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सार्वजनिक खरिद सम्बन्धी सैद्धान्तिक बेरुजू उपर अध्ययन गरी समितिमा विचाराधिन प्रतिवेदनमाथिको अध्ययन तथा छलफल सम्पन्न गरी उक्त प्रतिवेदनलाई सर्वसम्मत् पारित गर्दै उपसमितिले पेश गरेको सूझाव कार्यान्वयनको लागि सम्बन्धित् निकायलाई जानकारी एवं निर्देशन दिने।

२. प्रदेश मन्त्रालय र मातहतका निकायले गरेको काम कारबाहीको अध्ययन, अनुगमन तथा मूल्याङ्कन उपसमितिले सम्बन्धित् मन्त्रालय र मातहतका निकायले गरेको काम कारबाहीको सम्बन्धमा अध्ययन गरी समिति समक्ष पेश गरेको प्रतिवेदनउपर छलफल गरी उक्त प्रतिवेदनलाई सर्वसम्मत् पारित गर्दै उपसमितिले पेश गरेको सूझाव कार्यान्वयनको लागि सम्बन्धित् मन्त्रालयलाई निर्देशन दिने।

३. संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्ने संवैधानिक व्यवस्था बमोजिम महालेखापरीक्षकले पेश गरेको आफ्नो वार्षिक प्रतिवेदन, २०७७ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत् यस प्रदेश सभा सचिवालयमा मिति २०७७ असोज ६ गते दर्ता भएको छ। यसरी दर्ता भएको प्रतिवेदन माननीय मुख्यमन्त्रीमार्फत् प्रदेश सभामा पेश भई समितिको कार्यक्षेत्र बमोजिम सार्वजनिक लेखा समितिमा छलफल हुने कानूनी व्यवस्था रहेकोमा हालसम्म पनि उक्त प्रतिवेदन सभामा पेश हुन सकेको छैन। यस आ.व.को प्रतिवेदन पेश हुने समय भईसक्दा पनि अघिल्लो आ.व.को प्रतिवेदन पेश नहुँदा समितिलाई उक्त प्रतिवेदनमाथि छलफल तथा निर्णय गर्न ढिलासुस्ती हुने एवं प्रतिवेदनउपर कुनै पनि कारबाही

नहुने भएको हुँदा माननीय सभामुखज्यूको अनुमति लिई महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७७ माथि समितिमा छलफल प्रक्रिया अगाडी बढाउने।

४. बागमती प्रदेशको लागि महालेखापरीक्षकको बार्षिक प्रतिवेदन, २०७७ ले बेरुजू देखाएका तपसिलका मन्त्रालय/निकायसँग बेरुजूको दफा सहितको विस्तृत विवरण र बेरुजू फर्छ्यौट सम्बन्धमा हालसम्म भएको प्रगति प्रतिवेदन ७ (सात) दिन भित्र यस समितिलाई उपलव्ध गराउन निर्देशन दिने।

१ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
२ प्रदेश सभा सचिवालय
३ आन्तरिक मामिला तथा कानून मन्त्रालय
४ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
५ आर्थिक मामिला तथा योजना मन्त्रालय
६ भूमि व्यबस्था, कृषि तथा सहकारी मन्त्रालय
७ सामाजिक विकास मन्त्रालय
८ भौतिक पूर्वाधार विकास मन्त्रालय
९ मुख्यन्यायाधिवक्ताको कार्यालय
१० प्रदेश नीति तथा योजना आयोग

५. विश्वव्यापि महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) को दोस्रो लहरले दक्षिण एसियाका मुलुकहरु प्रभावित भईरहेको सन्दर्भमा नेपालमा समेत संक्रमण व्यापक रुपमा बढ्दै गएको, अक्सिजनको अभावमा दैनिक ५० भन्दा बढी व्यक्तिको निधन भएको एवं दिन प्रतिदिन मृत्युदर बढ्दै गईरहेकोले स्थिति भयावह देखिन्छ।उक्त अवस्थाको रोकथाम तथा नियन्त्रणका लागि प्रदेश सरकारले चालेको कदम, भावी रणनीति तथा सो को लागि स्थापित् कोषको मितव्ययी एवं पारदर्शी परिचालनका सन्दर्भमा प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय एवं सम्बन्धित् मन्त्रालयलाई तत्काल तपसिल बमोजिम कदम चाल्न निर्देशन दिने।

क. <u>आन्तरिक मामिला तथा कानून मन्त्रालय</u>

१ कोरोना भाइरस (COVID-19) रोकथाम तथा नियन्त्रण सम्बन्धी प्रदेश राहत कोषमा हालसम्म के कति रकम जम्मा भयो र सो कोषबाट भएको खर्चको यथार्थ जानकारी यस समितिलाई उपलब्ध गराउने साथै सार्वजनिकीकरण गर्ने।

२ सर्वसाधारणले अक्सिजन प्लान्ट एवं सप्लायर्ससँग सोझै अक्सिजन खरिद गरी भण्डार गर्दा अस्पतालहरुमा अक्सिजन तथा सिलिन्डर अभावका कारण थुप्रै मानिसहरुको मृत्यू भईरहेकोले संघीय सरकारसँग आवश्यक समन्वय गरी अस्पतालको सिफारिस नभई सर्बसाधारणलाई सिधै बिक्री वितरण गर्न नपाउने ब्यवस्था गर्ने।

## ख. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

३ बन्दाबन्दीको समयमा दैनिक उपभोग्य वस्तु लगायत स्वास्थ्य सामाग्रीहरुको कृतिम अभाव सृजना एवं कालोबजारी गरी चर्को मूल्यमा एवं म्याद गुज्रेका सामाग्रीहरु बिक्रि वितरण गरेको जनगुनासो आएकोले सो को प्रभावकारी अनुगमन गरी कारवाहीको दायरामा ल्याउने।

## ग. आर्थिक मामिला तथा योजना मन्त्रालय

४ प्रदेश मन्त्रालय, सचिवालय, विभाग, आयोग तथा अन्य निकायमा भएको तत्काल खर्च गर्न नसकिने र खर्च गर्न आवश्यक नभएको विभिन्न कार्यक्रम खर्चको बजेट र सांसद पूर्वाधार विकास कार्यक्रमको सम्झौता हुन बाँकी रकम कोरोना भाइरस (COVID-19) रोकथाम तथा नियन्त्रण सम्बन्धी प्रदेश राहत कोषमा जम्मा गर्ने व्यवस्था मिलाउने एवं आ.व. २०७८/७९ को वार्षिक बजेटमा कोरोनालाई पहिलो प्राथमिकतामा राखि कोभिड लक्षित बजेट ल्याउने साथै कोभिडको महामारीसँग जुधिरहेका स्वास्थ्यकर्मीहरुलाई पर्याप्त प्रोत्साहन भत्ताको व्यवस्थामार्फत् उत्प्रेरित गरी परिचालन गर्ने।

## घ. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

५ COVID-19 को कारण देशका सबै क्षेत्र ठप्प भएको हुँदा उत्पादनका कार्यमा समेत अवरोध भएकोले प्रदेश सरकारले खाद्य संकटको जोखिम निम्तिन सक्ने अवस्थालाई मध्यनजर गर्दै कृषि क्षेत्रलाई प्राथमिकतामा राखि कृषकलाई मल, बीउ-विजन, प्रविधि उपलब्ध गराउने लगायत ठूला कृषि परियोजनाका कार्यक्रम तत्काल अगाडी बढाउनुका साथै ग्रामिण क्षेत्रमा उत्पादित तरकारी लगायतका वस्तुहरु कृषकले बजारसम्म पुर्याउन नसकी खेर गईरहेकोले त्यसको प्रभावकारी व्यवस्थापन गर्ने।

## ङ. सामाजिक विकास मन्त्रालय

६ अक्सिजन अभावका कारण कोभिड संक्रमितको मृत्यु भईरहेकोले संघीय सरकारसँग पहल तथा समन्वय गरी प्रत्येक जिल्ला स्वास्थ्य कार्यलयहरुमा अक्सिजन तथा संक्रमितलाई दिइने औषधी लगायत आवश्यक स्वास्थ्य सामाग्रीहरु तत्काल उपलब्ध गराउने।

७ प्रदेशभित्र रहेका कतिपय अक्सिजन प्लान्ट सञ्चालन नै नभएको एवं पूर्ण क्षमतामा सञ्चालन नभएको गुनासो आएकोले त्यस्ता अक्सिजन प्लान्ट तत्काल प्रदेशको पहलकदमीमा पूर्ण

रुपमा सञ्चालन गर्ने र नयाँ अक्सिजन प्लान्ट समेत तत्काल सञ्चालन गरी अक्सिजन आपूर्तिलाई सहज बनाउने।

८ बागमती प्रदेशमा पहिलो र दोस्रो अभियान गरी जम्मा ६५.७८ प्रतिशतले खोप लगाएको र सबै ज्येष्ठ नागरिकहरुले अझै खोप पाउन नसकेको तथ्याङ्क रहेको देखिन्छ भने अझै थुप्रै व्यक्तिले दोस्रो अभियानको दोस्रो डोज लगाउन बाँकी रहेकोले सरकारले आवश्यक पहल गरी तत्काल सबै जनतामा खोप उलब्ध गराउने।

९ प्रदेशका मुख्य शहरी क्षेत्र लगायत सबै पालिकाहरुमा अक्सिजन लगायत आधारभूत स्वास्थ्य समाग्री र न्यूनतम स्वास्थ्यकर्मी सहितको आइसोलेसन केन्द्रको द्रुत गतिमा निर्माण गर्ने।

१० भक्तपुर अस्पतालमा २० वटा, हेटौंडा अस्पतालमा १० वटा, सिन्धुली अस्पतालमा ५ वटा, त्रिशुली अस्पतालमा ५ वटा, धादिङ अस्पतालमा १० वटा गरी जम्मा ५० वटा आइ.सि.यु. बेड रहेको र भक्तपुर अस्पतालमा ७५ वटा, हेटौंडा अस्पतालमा २५ वटा र सिन्धुली अस्पतालमा २५ वटा एच डि यु (High Dependency Unit) बेड गरी जम्मा १२५ वटा बेड तयारीको क्रममा रहेको पाइएकोले आइ.सि.यु. र एच.डी.यु. बेडलाई सबै जिल्लामा शिघ्र रुपमा बिस्तार एवं स्तरोन्नती गर्ने।

च. <u>भौतिक पूर्वाधार विकास मन्त्रालय</u>

११ COVID-19 को आवश्यक स्वास्थ्य सुरक्षाको मापदण्ड पालना गर्दै विकास निर्माणको कार्यलाई निरन्तरता दिने।

६. यस समिति अन्तर्गत गठित प्रतिवेदन तथा निर्देशन कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन उपसमितिको मिति २०७८ साल जेठ ७ गते एवं वार्षिक प्रतिवेदन मस्यौदा उपसमितिको म्याद जेठ १५ गेतसम्म थप गर्ने।